# धरान उपमहानगरपालिका, नगर कार्यपालिकाको कार्यालय

## प्रदेश-१ धरान, सुनसरी

## तिसौं नगर कार्यपालिका बैठक

आज मिति २०७६ बैशाख ११ गते दिउसो ३ बजे धरान उपमहानगरपालिकाको तिसौं नगर कार्यपालिका बैठक कार्यवाहक नगर प्रमुख श्री मञ्जु भण्डारी सुवेदीज्यूको अध्यक्षतामा देहाय बमोजिमको उपस्थितिमा बस्यो।

**सहभागिता:**

| क.स. | नाम | पद | वडा | दस्तखत |
|---|---|---|---|---|
| १ | श्री मञ्जु भण्डारी सुवेदी | का. वा. नगर प्रमुख | धरान उपमहानगरपालिका | |
| २ | श्री रोशन अधिकारी | वडा अध्यक्ष | धरान-१ | |
| ३ | श्री माधव गोविन्द श्रेष्ठ | वडा अध्यक्ष | धरान-२ | |
| ४ | श्री आशा कुमार श्रेष्ठ | वडा अध्यक्ष | धरान-३ | |
| ५ | श्री मान बहादुर राई | वडा अध्यक्ष | धरान-४ | |
| ६ | श्री सन्तोष लिम्बु | वडा अध्यक्ष | धरान-५ | |
| ७ | श्री भुवनसिं वस्नेत | वडा अध्यक्ष | धरान-६ | |
| ८ | श्री जिवनराज सुवेदी | का. वा. वडा अध्यक्ष | धरान-७ | |
| ९ | श्री रुद्रबहादुर लिम्बु | वडा अध्यक्ष | धरान-८ | |
| १० | श्री रत्न बहादुर कटुवाल | वडा अध्यक्ष | धरान-९ | |
| ११ | श्री श्रीप्रसाद लिम्बु | वडा अध्यक्ष | धरान-१० | |
| १२ | श्री बावुलाल लामा | वडा अध्यक्ष | धरान-११ | |
| १३ | श्री टंक बहादुर राई | वडा अध्यक्ष | धरान-१२ | |
| १४ | श्री नेत्र प्रसाद काफ्ले | वडा अध्यक्ष | धरान-१३ | |
| १५ | श्री मन्जिल श्रेष्ठ | का. वा. वडा अध्यक्ष | धरान-१४ | |
| १६ | श्री नरेश कुमार इवारम | वडा अध्यक्ष | धरान-१५ | |
| १७ | श्री दिपक आचार्य | का. वा. वडा अध्यक्ष | धरान-१६ | |
| १८ | श्री सूर्य बहादुर भट्टराई | वडा अध्यक्ष | धरान-१७ | |
| १९ | श्री नरेन्द्र कुमार राई | वडा अध्यक्ष | धरान-१८ | |
| २० | श्री पुर्ण बहादुर लिम्बु | वडा अध्यक्ष | धरान-१९ | |
| २१ | श्री मणिराम राई | वडा अध्यक्ष | धरान-२० | |
| २२ | श्री सुवास राई | नगर कार्यपालिका सदस्य | धरान-१७ | |
| २३ | श्री कैलाश अग्रवाल | नगर कार्यपालिका सदस्य | धरान-२ | |
| २४ | श्री किशोर परियार | नगर कार्यपालिका सदस्य | धरान-१२ | |
| २५ | श्री गिता पाखिन | नगर कार्यपालिका सदस्य | धरान-७ | |
| २६ | श्री विनिता बज्राचार्य | नगर कार्यपालिका सदस्य | धरान-१२ | |
| २७ | श्री कल्पना थापा | नगर कार्यपालिका सदस्य | धरान-११ | |
| २८ | श्री लिलामाया गुरुङ्ग | नगर कार्यपालिका सदस्य | धरान-८ | |
| २९ | श्री हिरादेवी राई | नगर कार्यपालिका सदस्य | धरान-१६ | |
| **क.सं.** | **नाम** | **पद** | | **दस्तखत** |
| ३० | श्री रत्न बहादुर कट्वाल | नि. प्रमुख प्रशासकीय अधिकृत | | |
| ३१ | गणेशप्रसाद खतिवडा | क. प्रशासकीय अधिकृत | | |
| ३२ | | | | |

# धरान उपमहानगरपालिका

नगर कार्यपालिकाको कार्यालय

धरान, सुनसरी

**३० औं नगर कार्यपालिका वैठक**

<u>वैठकका छलफल र निर्णय भएका विषयहरु:-</u>

१. **धरान उपमहानगरपालिकाको कृषि क्षेत्रका कार्यक्रमहरु संचालन सम्बन्धी कार्यविधी २०७५ स्वीकृत शंसोधन सहित भयो ।**

धरान उपमहानगरपालिकाको कृषि क्षेत्रको व्यवस्थित विकास र व्यवस्थापन गर्न तयार भै मिति २०७५/११/२७ को आर्थिक विकास समितिको वैठकमा छलफल तथा स्वीकृत भै सिफारिस भएको कृषी क्षेत्रका कार्यक्रमहरु संचालन सम्बन्धी कार्यविधी २०७५ आजको वैठकमा पेश भै व्यापक छलफल भयो । सो कार्यविधी स्वीकृत गर्ने निर्णय गरियो। स्वीकृत कार्यविधी पछाडि टाँसगरी प्रमाणित गरिएको छ ।

२. **प्रतिवद्धता सहित प्रस्ताव पेश गर्ने सम्बन्धमा**

हाल प्रदेश सरकारबाट पशु हाटबजार निर्माण सुधार गर्नकालागी स्थानीय तहबाट प्रस्ताव माग गरी सूचना प्रकासन भएकोले त्यसकालागी धरान-१३ स्थित कृषी उपज बजार स्थलमा हाल भएको खसी बाखा बजारको व्यवस्थापनकालागी प्रस्ताव पेश गर्ने निर्णय गरियो । उक्त प्रस्ताव पेश गर्दा प्रदेश सरकारबाट जारी भएको पशु हाट बजार निर्माण सुधार कार्यक्रम कार्यान्वयनको विधी, २०७५ को दफा १० को १८ अनुसार कम्तीमा २५ प्रतिशत लागत साझेदारी बेहोर्ने प्रतिबद्धता जाहेर गर्नु पर्ने भएकाले सो २५ प्रतिशत लागत सहभागीता समेत नगरपालिकाले व्यवस्थापन गर्ने प्रतिबद्धता जाहेर गर्ने समेत निर्णय गरियो ।

३. **पूर्व प्राथमिक विद्यालय संचालन र कक्षा स्तर वृद्धि स्वीकृती प्रदान गर्ने सम्बन्धमा ।**

शैक्षिक वर्ष २०७६ देखि पूर्व प्राथमिक विद्यालय संचालन र कक्षा थप अनुमतिकालागी आवेदन पेश गरेकोमा शिक्षा तथा खेलकुद महाशाखा बाट सम्बन्धीत वडासँग समन्वयगरी गरिएको स्थलगत निरिक्षणमा तपसिलका विद्यालयहरुको स्थानीय सरकार संचालन ऐन २०७४, शिक्षा ऐन २०२८( संशोधन सहित) तथा शिक्षा नियमावली २०५९( संशोधन सहित) बमोजिम तोकिएको न्यूनतम पूर्वाधारहरु पूरा गरे प्राथमिक विद्यालय संचालन र कक्षा स्तरवृद्धिको अनुमति प्रदान गर्ने निर्णय गरियो । साथै आधारभुत तह (०-८) का लागि प्रति कक्षा रु. ५,०००/-(रु.पाँच हजार मात्र) र माध्यमिक तह (९-१०) का लागि प्रति कक्षा रु. १०,०००/-( रु. दश हजार मात्र) अनुमति दस्तुर लिने निर्णय गरियो ।

| क्रस | विद्यालयको नाम, ठेगाना | हाल अनुमति भएको कक्षा | अनुमति माग गरिएको कक्षा | संचालन अनुमति दिएको कक्षा | कैफियत |
|---|---|---|---|---|---|
| १ | धरान मन्टेश्वरी एकेडोमी, धरान-१ | | पूर्व प्राथमिक | पूर्व प्राथमिक | |
| २ | आशा एकेडोमी, धरान-६ | | पूर्व प्राथमिक | पूर्व प्राथमिक | |
| ३ | हेप्पीचाईल्ड केयर एकेडेमी, धरान-१० | | पूर्व प्राथमिक | पूर्व प्राथमिक | |
| ४ | विजयपुर मा.वि., धरान-१ | | पूर्व प्राथमिक | पूर्व प्राथमिक | |
| ५ | धरान इङलिस बोडिङ्ग स्कुल, धरान -५ | १ | २ | २ | |
| ६ | विजयपुर मा.वि., धरान-१ | १,६-१० | २ | २ | |
| ७ | मन्टेश्वरीकिन्डर गार्डेन, धरान-१६ | २ | ३ | ३ | |
| ८ | समानता एकेडेमी, धरान-१५ | २ | ३ | ३ | |
| ९ | ऋषिकुल विद्यापिठ, धरान-१४ | २ | ३ | ३ | |
| १० | १० उज्वलतारा एकेडेमी, धरान-६ | २ | ३ | ३ | |
| ११ | जोल सायाएकेडेमी | २ | ३ | ३ | |
| १२ | राइजिङ्ग इङलिस स्कुल, धरान-५ | ३ | ४ | ४ | |
| १३ | ज्ञान निकतेन इङ्लिस स्कुल, धरान-१५ | ३ | ४ | ४ | |
| १४ | धरान मन्टेश्वरी एकेडेमी, धरान -१ | ४ | ५ | ५ | |
| १५ | देउराली पाचकन्या विलिभर्स इङलिस स्कुल, धरान-५ | ४ | ५ | ५ | |
| १६ | सम्यक शिक्षा आधारभुत विद्यालय, धरान -१७ | ५ | ६ | ६ | |
| १७ | आवरहोम इङलिस स्कुल, धरान -१९ | ६ | ७ | ७ | |
| १८ | देउराली चिलड्रेन एकेडेमी, धरान-५ | ७ | ८ | ८ | |
| १९ | पुर्वाअञ्चलन बहिरा विद्यालय, धरान-१६ | ७ | ८ | ८ | |
| २० | शिद्धार्थ शिशु सदन, धरान-१६ | ७ | ८ | ८ | |
| २१ | चेम्पियन इङ्लिस, धरान-१५ | ८ | ९ | ९ | |
| २२ | हिविस्कसइङलिस बोडिङ्ग स्कुल, धरान -१५ | ९ | १० | १० | |
| २३ | एक्वाडाइनास्टी इङलिस स्कुल, धरान-१७ | ९ | १० | १० | |
| २४ | एभेष्टचिल्ड्रेन होम बो. स्कुल, धरान -६ | ९ | १० | १० | |

**४. वालमैत्री वडा घोषणाको स्वीकृत प्रदान गर्ने सम्बन्धमा ।**

धरान उपमहानगरपालिका वडा नं. १९ ले बाल मैत्री स्थानीय शासन २०६८ घोषणा कार्यविधी २०६८ ले निर्धारण गरेका सूचकहरु र तहगत खुड्कीलाहरु पूरागरी वालमैत्री स्थानीय शासन नगर समिती र जिल्ला समन्वय समितिबाट समेत अनुगमन भई वालमैत्री वडा घोषणाकालागि स्वीकृत प्रदान

गरी सकेकोले २०७६/१/१३ गते बालमैत्री वडा घोषणाकालागि स्वीकृति माग गरेकामा स्वीकृत दिने निर्णय गरियो ।

५. खरिद गुरुयोजना परिमार्जन सम्बन्धमा ।

आ.व. ०७५/०७६ का लागि शहरी पुर्वाधार विकास महाशाखाबाट तयार गरी नगर कार्यापालिकाको कार्यालयबाट सिफारिस भई पेश भएको परिमार्जित खरिद गुरु योजना पारित गर्ने निर्णय गरियो । परिमार्जित खरिद गुरुयोजना पछाडीको पानामा टाँस गरी प्रमाणित गरीएको छ ।

६. छुट नगर दररेट स्वीकृत गर्ने सम्बन्धमा ।

क) यस धरान उपमहानगरपालिका अन्तर्गत मठ, मन्दिर, गुम्बा आदिको लगत इष्टिमेट गर्न जनशक्ति, सामग्री, उपकरणहरुको दररेटहरु आवश्यक परेको हुँदा यस कार्यालयले निर्णय गरेको दररेट बाहेक, पर्यटन, सांस्कृती तथा उड्डयन मन्त्रालय अन्तर्गत, पुरातत्व विभागले आर्थिक वर्ष ०७५/०७६ मा प्रयोग गरिरहेको उपत्यका भित्रको दररेट लाई नै प्रयोग गर्ने गरि निर्णय गरियो ।

ख) यस धरान उपमहानगरपालिकाबाट निर्णय भएका जनशक्ती, सामग्री, उपकरणहरुको दररेटहरु बाहेक थप दररेटहरु आवश्यक परेको हुँदा तपसिलका दररेटहरु प्रयोग गर्ने गरि निर्णय गरियो ।

७. कार्य विभाजन नियमावली २०७४ को शंसोधन सम्बन्धमा ।

यस उपमहानगरपालिकाको कार्य विभाजन नियमावली, २०७४ को नियम ३ उपनियम (२) बमोजिम अनुसूची १ (२) मा आर्थिक प्रशासन महाशाखा मातहत रहेको राजश्व निती तथा प्रशासन शाखालाई आर्थिक प्रशासन महाशाखाबाट हटाई सूचना सञ्चार तथ्याङ्क व्यवस्थापन तथा पर्यटन महाशाखा मातहातमा रहने गरि कायम गर्ने निर्णय गरियो । नियमावलीको नियम ३ उपनियम (२) बमोजिम अनुसूची १ (१०) मा रहेको सूचना सञ्चार तथ्याङ्क व्यवस्थापन तथा पर्यटन महाशाखाको नाम परिवर्तन गरी राजस्व, सूचना तथा पर्यटन महाशाखा कायम गर्ने र नियमावलीको नियम ३ उपनियम (२) बमोजिम अनुसूची १ (५) मा रहेको आधारभुत तथा माध्यमिक शिक्षा शाखालाई सो अनुसूची १ को बुँदा नं. ११ थप गरि शिक्षा युवा तथा खेलकुद महाशाखा कायम गर्ने निर्णय गरियो ।

८. पुरानो (मृत) कुलो सारी बाटो कायम गर्ने बारे ।

धरान उपमहानगरपालिका क्षेत्रभित्रका पुरानो (मृत) कुलो कित्ताको बिचमा सो जग्गामा भवन निर्माण गर्न गाह्रो पर्ने अवस्ता धेरै ठाँउमा रहेकाले त्यस्ता कुलोहरुको क्षेत्रफल बराबर बाटो तर्फ सारी भवन निर्माणकालागि सहज बनाउन सकिने कानूनी प्रावधान समेत रहेकाले त्यस्तो सार्ने काम गर्नु पर्ने अवस्थामा मालपोत कार्यलय र नापी कार्यलय समन्वय गरी कानून सम्मत निर्णय गराउन धरान उपमहानगरपालिकाले सम्बन्धीत वडा कार्यालयलाई पत्रचार गरि सो कार्य गर्ने निर्णय गरियो ।

निर्णय नं ६ संग सम्बन्धित

| S.N. | Description | unit | Rate | Remarks |
|---|---|---|---|---|
| 1 | Meeting table (top of table 2" thick board with wire, footrest, place to place partition of 18 mm . Thick ply, heavy design with oval shape, place to place cut peace design with special mistri) ( size 34'x2'6"x3'0") | sqf. | 3000.00 | Without Vat Rate |
| 2 | Wall pilling work (18mm thick ply, formieka with special mistri) | sqf. | 500.00 | |
| 3 | Notice board (18mm thick ply, formieka with special mistri) | sqf. | 900.00 | |
| 4 | Door(32mm thick waterproof ply ,both side formieka , heavy kabbja, door luck, door enclose with special mistri)g | sqf. | 900.00 | |
| 5 | Piller pilling (12mm thick ply, formieka with special mistri) | sqf. | 500.00 | |
| 6 | Window pilling (12mm thick ply, formieka with special mistri) | sqf. | 500.00 | |
| 7 | Flag design (12mm thick ply, formieka, den light special mistri) | sqf. | 2000.00 | |
| 10 | 2" boarder pilling work (Design ,18mm thick ply, formieka with special mistri) | sqf. | 800.00 | |
| 11 | Triangle design and shelf (writing made by18mm thick ply, formieka with special mistri) | no. | 1000.00 | |
| 12 | Mattel case for projector with fittings | sqf. | 600.00 | |
| 13 | Window parda (12mm thick ply, formieka with special mistri) | | 600.00 | |
| 14 | Road Cat eye | piece | 500.00 | |
| 15 | Nepali Sal wood Tudal (Size 3'0"x6"x3") | piece | 10500.00 | |
| 16 | Steel wire rope 8mm. | Rm. | 151.00 | |
| 17 | Steel wire rope 8mm. | Rm. | 169.00 | |
| 18 | 250 GSM pond liner sheet | sqf. | 15.93 | |
| 19 | 120 GSM pond liner sheet | sqf. | 6.19 | |
| 20 | S.T. wire( Galvanized G.I. wire) | Rm. | 324.48 | |
| 21 | सिमेन्टको मुर्ति (१५ फिट उचाईको सम्पुर्ण तयारी गरी रंगरोगन सहित) | Per piece | 330000.00 | |
| 22 | पैराणिक मठ,मंदिर, देवी देवताहरूको चित्रकला (रंगरोगन गरि तयार पार्ने काम) | Sqf. | 350.00 | |
| 23 | राम्रो खाल्को ढुगांको शिला बनाई अक्षर खोपी तयार पार्ने काम ( साईज १५ इन्च x २० इन्च) | Per piece | 5700.00 | |

९. अधिकार प्रत्यायोजन सम्बन्धमा ।

धरान उपमहानगरपालिका क्षेत्र भित्रका बाटोहरु मापदण्ड कायम र नामाकरण गर्ने निर्णय हुँदा स्थानीय सरकार सञ्चालन ऐन २०५४ को ४५.१ अनुसार नगरपालिकाले कायम गर्न सक्नेछ भन्ने व्यवस्था भएकाले बाटो मापदण्ड कायम र नामाकरण गर्दा वस्ती विकास मापदण्ड २०७२ को निर्देशन र उपमहानगरपालिकाको निर्णय अनुसारको मापदण्ड पुरा गरेको भए नगर प्रमुखज्यू स्तरीय निर्णय नगर प्रमुखलाई अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो ।

१०. कार्यक्रमका लागि सहयोग सम्बन्धमा ।

क) नेपाल यातायात स्वतन्त्र मजदुर संघठन नगर समिति धरानले मिति २०७६ वैशाख १४ गते देखी हुन गईरहेको अधिवेशनका लागि सहयोग माग गरेकोमा रु. ७,००० ( सात हजार ) बराबरको सहयोग गर्ने निर्णय गरियो ।

ख) नेपाल रेडक्रस सोसाईटी सुनसरी जिल्ला शाखाले २०७६ वैशाख २३ गते देखी धरानमा हुन गईरहेको केन्द्रिय सभाको ४८ औं महाधिवेशनका लागि सहयोग माग गरेकोमा एक छाकको खानाको व्यवस्था गरिदिने निर्णय गरियो ।

११. ईलाका प्रहरी कार्यालयलाई प्रोत्साहन उपलब्ध गराउने सम्बन्धमा ।

अवैध रुपमा खोलाबाट नदिजन्य पदार्थहरु उत्खनन गर्ने सवारी साधनलाई प्रहरीले प्रकाऊ गरी नगरपालिकामा पठाई जरिवाना गरिएकोमा जरिवाना गरिएको रकमको १५% रकम इलाका प्रहरी कार्यालयलाई प्रोत्साहन उपलब्ध गराउने निर्णय गरियो ।

१२. राहत उपलब्ध गराउने सम्बन्धमा ।

धरान उपमहानगरपालिकाका तपसिलका वडाहरुमा प्रकोपबाट क्षती भै राहतको माग गरि परेका निवेदन तथा वडको सिफारिसको आधारमा तपसिल अनुसारको राहत विपत व्यवस्थापन कोषबाट उपलब्ध गराउने निर्णय गरियो ।

क) ईन्द्र बहादुर राई - धरान ८, आगोलागीबाट पूर्ण क्षती भएको - रु.३०,०००/-
ख) दिलकुमार राई - धरान -८, आगोलागीबाट पूर्ण क्षती भएको - रु.३०,०००/-
ग) उषा राई - धरान -८, आगोलागीबाट पूर्ण क्षती भएको - रु.२०,०००/-
घ) राखु माया राई - धरान -६, चटयाङ्ग परी आगोलागी र क्षती भएको - रु.१५,०००/-
ङ) शिला लिम्बू - धरान -६, चटयाङ्ग परी आगोलागी र क्षती भएको - रु.१५,०००/-

१३. दैनिक तथा भ्रमण खर्च सम्बन्धमा

यस उपमहानगरपालिकाले विभिन्न कार्यक्रमको सिलसिलामा नगर सभा सदस्य बाहेक कुनैपनि व्यक्तिलाई भ्रमण खटाउनु परेमा वडा सदस्य सरह दैनिक भत्ता भ्रमण खर्च उपलब्ध गराउने निर्णय गरियो ।

१४. उपचार खर्च सम्बन्धमा ।

यस उपमहानगरपालिकाको नगर प्रहरी जवान किषन राई तालिमको सिलसिलामा लडि हात भाचिएकोले उपचार गर्दा लागेको खर्च रु. २५,०००/- उपलब्ध गराउने निर्णय गरियो ।

आजको वैठक ६ बजे समाप्त भयो ।

# धरान उपमहानगरपालिकाको कृषि क्षेत्रका कार्यक्रमहरु संचालन सम्बन्धि कार्यविधि -२०७५

कार्यपालिका बाट स्वीकृत मितिः-

प्रमाणिकरण मिति-

**प्रस्तावना —**

धरान उपमहानगरपालिकाको अर्थतन्त्रको मुख्य केन्द्रविन्दुको रुपमा रहेको कृषि क्षेत्रलाई समसामयिक एवं परिणाममुखी बनाउन महत्वपूर्ण स्थान राखे आधुनिक कृषि कार्यक्रम धरान नगरकार्यपालिकाको कार्यालयबाट प्रदान गरिने उपमहानगरपलिकाको कृषि व्यवसाय प्रर्वद्धन ऐन,२०७५को दफा ३६को अधिकारलाइ प्रयोग गरी धरान नगरकार्यपालिकको बैठकबाट यो कार्यविधि स्वीकृत गरी लागु गरिएको छ।

उद्येश्य-

१.निर्बाहमुखि कृषि पेशालाई आधुनिकीकरण गर्दै व्यवसायिक बनाई युवा कृषकहरुको आय आर्जन बृद्धि तथा स्वरोजगार गराईनेछ ।

२. कृषि बालीको उत्पादन तथा उत्पादकत्व बढाउन उन्नत बीउमा, स सना पैनि मर्मत सुधार बोरिङ्ग स्यालो टयुबेल निर्माणको लागी अनुदान दिई खाद्यन्नमा आत्मनिर्भर गराईनेछ ।

३. कृषि बालीमा लाग्न सक्ने/लाग्ने रोग कीरा नियन्त्रणको लागी बाली संरक्षण सेवा सञ्चालन गरिनेछ ।

## परिछ्चेद -१

**१. नगर कृषि विकास समिति**

**१.१. गठनः**-उपमहानगरपालीका क्षेत्र भित्र कृषि प्रसार कार्यक्रम प्रभावकारी रुपमा सञ्चालन गर्न निती निर्माण तथा स्वीकृत कार्यक्रमहरु कार्यन्वयन गर्नको लागी तपसिलमा उल्लेखित नगर कृषि विकास समिति रहनेछ।

- संयोजक -नगर कार्यालय वोर्डले तोकेको प्रतिनिधि
- सदस्य - प्रमुख प्रशासकिय अधिकृत वा नीजले तोकेको अधिकृत स्तरको कर्मचारी १ जना
- सदस्य - आर्थिक विकास समितीले पठाएको १ जना महिला सदस्य
- सदस्य - पशु सेवा शाखा प्रमुख
- सदस्य-सचिव, कृषि विकास शाखा प्रमुख

**१.२. नगर कृषि समिती को काम कर्तव्य र अधिकार -**

१.२.१. नगर क्षेत्रको समग्र कृषि निती तथा कार्यक्रम तयार गर्न नगरपालिकालाई सल्लाहा सुझाव उपलब्ध गराउँने ।

१.२.२. कृषि प्रसारका लागि नगरकार्यपालिकाबाट प्राप्त बजेट सिलिङ्ग र जनसहभागितामुलक योजना छनौट प्रक्रियाबाट प्राथमिकीकरण भई आएका योजनाहरु समेतका आधारमा नगर सभामा पेश गर्न बार्षिक कार्यक्रम तयार गर्ने गराउँने ।

१.२.३. नगरकार्यपालिकाको कार्यालयबाट संचालन गर्ने गराईने कृषि प्रसार क्रियालापहरुको विधी प्रक्रिया निर्माण गर्ने ।

१.२.४. उद्यमी कृषक/कृषकसमूह/सहकारी सस्थाले पेश गरेका प्रस्तावनाहरु मध्ये उपयुक्त प्रस्तावनाको छनौट गरी सो उद्यमी कृषक,कृषक समूह वा संस्थालाई आर्थिक एवं प्राविधिक सहयोग उपलब्ध गराइनेछ ।

१.२.५. नगर क्षेत्रमा संचालित सबै खालका कृषि कार्यक्रमहरुको अनुगमन निरिक्षण गरि सोको सुझाव, प्रतिक्रिया प्रतिवेदन सम्बन्धित निकायमा पठाउँने ।

## परिच्छेद - २

**२.१. कृषक समूह गठन/पुनर्गठन**

२.१.१. यस नगरका कृषकहरूलाई नयाँ समूहमा संगठित हुनको निमित्त कृषि प्रसार कार्यकर्ताहरूले लक्षित स्थान क्षेत्रका विभिन्न ठाउँमा कृषक भेला गरी समूहको उपयोगिताबारे जानकारी गराईनेछ ।

२.१.२. नयाँ समूह गठन गर्नुपर्दा स्थानीय जनसमुदायहरूको भेला गरी समूहमा आवद्ध हुन आग्रह गर्ने रस्वस्फूर्त रुपमा गठन भई समूहहरूलाई समेत समेत प्राविधिक सहयोग पुर्याईनेछ ।

२.१.३. यस्तो कृषक समुहमा एक घर परिवार बाट एक भन्दा बढी व्यक्ति नहुने गरि न्यूनतम १५ जना देखी २५ जना सम्म सदस्य हुनेछन ।

२.१.४. कुनै स्थान विशेषमा पहिले देखि रहिरहेका कृषक समूहहरू छन् भने ति समुहको पहिचान गरीपुर्नगठन गरिनेछ ।

२.१.४. कुनै स्थान विशेषमा पहिले देखि रहिरहेका कृषक समूहहरू छन् भने ति समुहको पहिचान गरीपुर्नगठन गरिनेछ । नगरपालिकाको कृषि शाखाले कृषक समूहकोअभिलेख अध्यावधिकगरि राख्नु प्रत्येक आर्थिक वर्षमा नयाँ समूह भए गठन र पुराना भए नवकिरण गरी नगरपालिकाको कृषि शाखाले कृषक समूहकोअभिलेख अध्यावधिकगरि राख्नु पर्नेछ। यसको लागि कृषक समूहहरूलाई आ-आफ्नो समूह विवरण फारामसहित दर्ताको लागि आवेदन गर्न उत्प्रेरित गर्नुपर्नेछ

२.१.५ समूह दर्ताको लागि तपसील अनुसारको निवेदन तथा विवरण पेश गर्नु पर्नेछ ।

२.१.६. प्राप्त आवेदन को जाँच बूझ गरि तल उल्लेखभए अनुसारको प्रमाण पत्र उपलब्ध गराईनेछ

२.१.७. समुह दर्ता /नविकरण का लागि लाग्ने शुल्क निम्न अनुसार हुनेछ ।

(क) समुह दर्ताको लागी दस्तुरको सम्बन्धमा धरान उपमहनगरको आर्थिक ऐनले तोके बमोजिम हुनेछ। (ख) नविकरण प्रत्येक बर्ष गर्नुपर्नेछ । समुह दर्ताको लागि दिईने निवेदनको ढाँचा अनुसुची १, समुहको विवरण अनुसुची २ र प्रमाण पत्रको ढाँचा अनुसुची ३अनुसार हुनेछ।

## परिच्छेद - ३

**तालिम**

**३.१. कृषक पाठशाला -**

३.१.१.आधुनिक कृषि प्रविधि प्रसार गर्ने सशक्त माध्यम तथा स्थलको रुपमा उभिएको कृषक समूहलाईनै सम्भव भएसम्म कृषक पाठशालाको रुप दि यिनीहरूकै माध्यमबाट आइ.पि.एम.प्याकेज समेत समाबेश गरी कार्यक्रम सञ्चालन गरिनेछ ।

३.१.२ कृषकहरूलाई उनीहरूकै खेतबारीमा कुनै एक बाली बिशेषमा उन्नत प्रबिधि तथा कृषकको आफ्नै प्रबिधि बीच तुलनात्मक अध्ययन गराउदै विशि बिशेष बालीको जातीय परिक्षण तथा बाली पाक्ने अवधिभर एकिकृत रुपमा वातवरणिय मैत्री बालीनालीको रोग कीरा नियन्त्रण गर्दै स्वच्छ बाली उत्पा गर्न व्यवहारिक, प्रयोगात्मक र खोजपूर्ण तरिकाहरू अपनाई नियमित रुपले बाली वातावरणप्रणालीको अवलोकन र समूह छलफलको आधारमा आफौ निर्णय लिएर तत्काल आएका समस्याहरूको समाधान गर्न दक्ष वनाउनु हो।

३.१.३ पाठशाला सञ्चालन बिधिः- कृषक पाठशालालाई प्रविधि विकास एवं प्रयोगको थलोको रुपमा अघि बढाउन निम्न अनुसार कार्यक्रमहरूलाई एकि रुपमा समेटिएको छ ।यस्ता कृषक पाठशालाहरूमा बाली संरक्षणको अलावा अन्य प्रविधिहरू जस्तैः एकिकृत माटो व्यवस्थापन, उत्पादनका उन्नत प्रविधि सबै एकिकृत रुपमा संचालन गरिनेछ ।

३.१.४. स्थलगत कृषक समूह अन्तरक्रिया गोष्ठी १ पटकः- कृषक पाठशाला शुरुवाट् गर्नु अगाडि प्राविधिक र कृषकहरूको उपस्थितिमा एक आपसमा अन्तरक्रिया गर्न स्थानीय वस्तुस्थिति, कृषक समस्या र आवश्यकताको आधारमा दुई तीन पटकसम्म स्थलगत कृषक समूह अन्तरक्रिया गोष्ठी सञ्चालन गरिनेछ ।

३.१.५. स्थलगत तालिम सञ्चालनः- २० देखि २५ जनासम्म महिला तथा पुरुष कृषकहरू जम्मा गराई बाली अवधिमा नियमित रुपलेव्यवहारिक तथा प्रयोगात्मक तालिम सम्भव भएसम्म बाली अवधिमा नै सञ्चालन गरिनेछ।

२. नगर स्तरिय कृषक तालिमः-

३.२.१कृषकहरूको विशेष ज्ञान सीप अभिवृद्धि गर्न कृषिका विभिन्न विषय विशेष तालिमहरू नगरस्तरमा १ देखी ३ दिनसम्म सञ्चालन गरिनेछ ।

३.२.२यस तालिम २०–२५ जना कृषक सहभागी हुनेछन् ।सहभागीमध्ये ३३ प्रतिशतमहिला सहभागिता गराईनेछ ।

३.२.३. नगर स्तरिय तालिममा १ दिनमा ४ वटा कक्षा भन्दा बढि कक्षा राखिने छैन ।

३.२.४ तालिमका लागि सहभागी कृषक छनौट संबन्धित वडा कार्यालय र कृषि शाखाको समन्वयमा गरिनेछ

३.२.५ तालिम सञ्चालन नगरपालीकामा कार्यरत कृषि अधिकृत प्रा.स/ना.प्रा.स.तथा बाह्य बिषेशज्ञ हरुलाई प्रशिक्षकका रुपमा सहभागी गराउन सकिनेछ ।

३.३तालिम संचालनका मुख्य मुख्य खर्चका शिर्षक र रकम नगरकार्यापालिकाको आर्थिक नम्स अनुसार हुनेछ ।

## परिच्छेद - ४

. कृषि विकास सेवा टेवा कार्यक्रम

४.१ **साना सिंचाई विशेष कार्यक्रमः**-साना भन्नाले सिंचाईका स–साना स्किमलाई जनाउँछ । साना सिंचाई विशेष कार्यक्रले ५ हेक्टर देखी माथि सिंचाई हुनेगरी नगरपालीका को कार्यालय कृषि शाखा तर्फ बढीमा रु. ३ लाख सम्म अनुदान दिने र उपभोक्ताको तर्फबाट कम्तीमा ४० प्रतिशत योगदान दिई कार्यक्रम सञ्चालन गरिने । यो कार्यक्रम कृषक सहकारी संस्था/उपभोक्ता समिति वा संस्था/कृषक समूहहरुमा केन्द्रित रहेर मात्र कार्यान्वयन गरिनेछ । भने स सना स्यालो टयूवेल (बोरिङ्ग पम्पसेटको हकमा उधमी/व्यवासायी कृषकहरुमा समेत अनुदानमा सहभागी गराईनेछ।उक्त बोरिङ्ग पम्पसेटले न्युनतम ०.२५ हेक्टर भन्दा माथि सिंचाई गर्न सकिने गरि स्किम प्रस्ताव पेश गर्न सकिनेछ।यस कार्यक्रममा कृषि सहकारी संस्था,कृषक समुहमा आवद्ध दलित, गरीब एवं महिला कृषकलाई प्राथमिकता दिइनेछ ।

४.१.१ कार्यक्रम संचालन प्रक्रिया

४.१.१.१.कृषक समूह/कृषक सहकारी संस्था उधमी /व्यवासायी कृषकहरुबाट निवेदन/दरखास्तको नमूना सहित तीस दिनको सूचना प्रकाशित गर्ने ।

४.१.१.२. प्राप्त आवेदनहरु मध्ये बाट नगरपालीका कृषि विकास समितिबाट छनौट गर्ने।

४.१.१.३. छनौट भएका योजनाहरुको कार्यालयका प्राविधीकबाटनगरकार्यपालिका बाट उपलब्ध गराउँने रकममा उपभोक्ताको तर्फ बाट कम्तिमा ४०% रमकले हुनआउँने रकम बराबरको रकम/ श्रमदान/जिन्सी सामग्री उपभोक्ता/निवेदक संस्थाबाट योगदानथप गरि लागत अनुमान तयार गरी अनुदान रकमको ३ प्रतिशत रकम कन्टिन्जेन्सी बापत छुट्टयाउने।प्राविधिकहरुको रेखदेखमा स्किम कार्यान्वयन गर्ने गराउने ।

४.१.१.४. नगर कृषि विकास समितिको सिफारीसमा फरफराक गरिनेछ ।

४.२. बाली विकास कार्यक्रम

४.२.१. नतिजा प्रदर्शनः- अनुसन्धानबाट प्राप्त कुनै नयाँ प्रविधिको महत्व सिद्ध गरी कृषकहरूलाई देखाउन नयाँ प्रविधि र पुरानो प्रविधिको तुलनात्मक परिणामको लागि यो प्रदर्शन सञ्चालन गरिन्छ । खाद्यान्न बाली, दाल, तेलहन, तथा अन्य बालीहरूमा एकै पटक एक अथवा एक भन्दा वढी प्रविधिहरूको तुलना गरी देखाउन पनि यो शैक्षिक तरिका प्रयोग गर्न सकिनेछ ।

४.२.२. नतिजा प्रदर्शन कार्यक्रम संचालन कृषि प्राविधिकहरूले उपयुक्ताका आधारमा संचालन गरिनेछ ।

४.२.३. खाद्यन्न बालीको उन्नत बीउ वितरणः- अनुसन्धानबाट सिफारिस भएको खाद्यन्न बालीको उन्नत बीउ कृषकहरूलाई ५० प्रतिशत मुल्य अनुदान तथा ढुवानी अनुदानमा माग गर्ने कृषकहरुको जग्गा क्षेत्रफल अनुसार धान बालीलाई प्रति कठ्ठा २ के.जी. मकै बालीको लागी प्रति कठ्ठा १ के.जी गहूं बालीको लागी प्रति कठ्ठा ४ के.जी को दरले अनुदानमा बीउ दिन सकिनेछ ।

४.३ उन्नत बीउ कीट वितरण (तरकारी);-

उपलब्ध स्रोत अनुसार जलवायु तथा माटो उपयुक्तता अनुसार कुनै स्थान विशेषमा सफलता पाएको कुनै पनि हाईब्रिड ,उन्नत या स्थानीय जातको लोकप्रिय देखिएका तरकारी बीउहरू खरिद गरी स–साना प्याकेटमा प्याकेजिङ्ग गरेर प्रति उन्त किट बराबर रु.१५०। (एक शय पचास ) रकम बराबर सम्मको प्रतिकीट कृषकहरूलाई वितरण गरिनेछ ।

४.४. माटो परिक्षण सञ्चालनः-

कृषक सहभागितामा माटोको उर्वराशक्तिको जानकारी लिनुको साथै स्थलगत रुपमा माटो विश्लेषण गर्नु योजनावद्ध रुपले खास ठाउँको माटोको समस्याला प्रस्टयाउन अभियानको रुपमा माटो परिक्षण शिविर सञ्चालन गरिन्छ।बाली उत्पादन क्षेत्रमा स्थलगत माटो विश्लेषण कार्य गरी माटो को उपचार व्यवस्थाप सम्बन्धी प्रविधिहरु सिफारिस गरिनेछ। यस्तो शिविरमा पहिलो र दोश्रो दिन माटो परिक्षण गरिनेछ । तेश्रो दिन तेस्रो दिन माटो व्यवस्थाप तालिम/अन्तरकृया तथा कृषि बालि र कृषि चुन सिफारिस/वितरण सम्म गर्न सकिन्छ ।

५. कृषि यान्त्रिकरणः-

कृषि उत्पादन लागतमा कम गरि बढि मुनाफा गर्न गराउन आवश्यक स - सना यन्त्रहरु (पावर टिलर,मिनी टिलर, च्याप कटर ,कर्न सेलर,रिपर, स्प्रेय जस्ता सामाग्रीहरुलाई मुल्य अनुदानमा उपलब्ध गराईनेछ ।

५.२. कार्यक्रम संचालन प्रक्रिया

५.२.१. कृषक समूह/कृषक सहकारी संस्था उधमी/व्यवासायी कृषकहरुबाट निवेदन/दरखास्तको नमूना सहित तिस दिनको सूचना प्रकाशित गर्ने ।

५.२.२. प्राप्त आवेदनहरु मध्ये बाट नगरपालीका कृषि विकास समितिबाट छनौट गर्ने।

५.२.३. छनौट भएका कृषक समूह/कृषक सहकारी संस्था उधमी/व्यवासायी कृषकहरु लाई स्वीकृत कृषि यन्त्र सामाग्रिमा ५०% मूल्य अनुदान उपल गराईनेछ ।

६.१ व्यावसायिक बगैंचा स्थापना केरा तथा कागतिः- विभिन्न भौगोलिक क्षेत्र अनुसार यस नगरपालीकामा प्राथमिकता पाएकास्थानीय तथा बाह्य बजारमा म पूर्ति गर्ने गरी केरा/कागति फलफूलहरु व्यावसायिक तवरले उत्पादन गराउन यो कार्यक्रम सञ्चालन गरिन्छ ।

६.२. कार्यक्रम संचालन प्रक्रिया

६.२.१. कृषक समूह/कृषक सहकारी संस्था उद्यमी /व्यवासायी कृषककहरुबाट खेति विस्तारका लागि निवेदन/दरखास्तको नमूना सहित तिस दिनको सूच प्रकाशित गर्ने ।

६.२.२ प्राप्त आवेदनहरु मध्ये बाट नगरपालीका कृषि विकास समितिबाट छनौट गर्ने।

६.२.३. छनौट भएका कृषक समूह/कृषक सहकारी संस्था उद्यमी /व्यवासायी कृषककहरुकृषि शाखाको निर्देशन अनुसार खेति बिस्तार (रोपन) गरेक कृषकहरुलाई प्रोत्साहन स्वरुप प्रति कट्ठा रु.१०००।(एक हजार) मात्र को दरले उत्पादन गर्न सहयोग पुर्याईनेछ ।

७.१ आकस्मिक बाली संरक्षण सेवाः- नगर क्षेत्र भित्रका कुनै बालीहरुमा सक्रमण रोग तथा किराहरुको आकस्मिक प्रकोप भएमा बाली संरक्षण सम्बन्धि रो किराको पहिचान गरी रोग किरा नियन्त्रणको लागी बिषादी अथवा सामग्री वा दुवै खरिद गरी उपलब्ध गराउन सकिनेछ । साथै नगर क्षेत्रका कुनै वाड बाली उपचार शिविर (प्लाण्ट क्लिनिक) समेत सञ्चालन गर्न सकिन्छ ।

७.२. प्लाण्ट क्लिनिक सञ्चालन गर्नु परेमा आवश्यक पर्ने सामाग्रि तथा सोको लागत निम्नअनुसार हुनेछ ।

- क्याप, चक्कु, कैची, लेन्स, भाइल, पेपर, केमिकल्स) रु २०००।००
- सुझावपर्चा, फ्याक्ट सिट छपाई रु ३०००।००
- स्टेशनरी (क्लिनिक रजिष्टर, कलम, आदि )रु ५००।००
- बाली उपचार शिबिर व्यवस्थापन खर्च पटक रु २०००।००
- खाजा खर्च रु २०००।००
- प्रतिवेदन तयार रु १०००।००
- बिषादी वितरण रु ५००० ।०

८. मत्स्य विकास कार्यक्रम

८.१. स्विकृत कार्यक्रम अनुसार माछापालन व्यवसाय संचालन गर्ने कृषकलाई नयां पोखरी निर्माण कार्यको लागी प्रति कठ्ठा रु.१०,०००। (दश हजार) को दरले अनुदान दिन सकिनेछ ।

८.२. कार्यक्रम संचालन प्रक्रिया

८.२.१.माछापालन व्यवसाय संचालन का लागि नयाँ पोखरी निर्माण गर्ने कृषकहरुबाट दरखास्तको नमूना सहित तीस दिनको सूचना प्रकाशित गर्ने ।

८.२.१. कृषि प्रविधिकहरु बाट स्थलगत निरीक्षण गरि प्रतिवेदन प्राप्त गर्ने ।

८.२.२ प्राप्त आवेदनहरु मध्ये बाट प्राविधिक प्रतिवेदनका आधारमा नगरपालीका कृषि विकास समितिबाट छनौट गर्ने।

८.२.३. छनौट भएका कृषक लाई नयाँ पोखरी निर्माण गर्न कार्य आदेश दिने ।

८.२.४. कृषि प्राबिधिक बाट पोखरी जलाशय क्षेत्र नापन तथा कार्य सम्पन्न प्रतिबेदन को अनुगमन पछि भुक्तानीको लागी गर्ने

८.२ माछा भुरा वितरणः-

माछापालन व्यवसाय संचालन गर्ने कृषकहरुलाई स्विकृत कार्यक्रम अनुसारप्रति कट्ठा जलाशयमा बडिममा ३०० गोटा सम्म एडभान्स फिंगरलिंक साईज (करिब ३.५ के.जी) नि शुल्क वितरण गर्न सकिनेछ ।यसका लागि कृषकहरुबाट दरखास्तको नमूना सहित तिस दिनको सूचना प्रकाशित गरी प्राप्त निवेदनहरुको आधारमा स्थलगत निरीक्षण र पोखरीको नाप सहितको प्राविधिक प्रतिवेदन का आधारमा नगर कृषि समिती बाट निर्णय हुनेछ ।

९ साझेदारी कार्यक्रम

९.१ कृषक समुह कृषि सहकारी सस्था तथा उद्यमी कृषकहरुलाई उनीहरुको प्रस्तावनाको आधारमा उत्पादन साधनको आपुर्ति, उत्पादित वस्तुको प्रशोधन, जस्ता कार्यको लागीआर्थिक एवं प्राविधिक सहयोग उपलब्ध गराइनेछ ।

९.२ कार्यक्रम संचालन बिधि

९.२.१ प्रस्तावमाग गर्दा एक वर्षका लागि सञ्चालन गर्न सकिने आयोजनाका लागी प्रस्ताब गर्ने ।

९.२.२. नगरपालिका कृषि शाखाबाट साझेदारिका लागी प्रस्ताव मागको सार्वजनिक रुपमा तिस दिने सूचना प्रवाह गर्ने ।

९.२.३. प्राप्त प्रस्तावहरु मध्ये बाट प्राविधिक प्रतिवेदनका आधारमा नगरपालीका कृषि विकास समितिबाट छनौट गरि कार्यन्वयन गराउने।

१०. च्याउ खेति विस्तार

१०.१ धरान उपमहानगरपालिकामा आधुनिक च्याउ खेति सञ्चालन भई युवा कृषकहरुको चाहाना अनुसार व्यवासायिक च्याउ खेतिमा संलग्न रही स्वरोजगार समेत भईरहेको हुदा उक्त उद्यमी कृषकहरुको आवेदन अनुसार ५० प्रतिशत मुल्य अनुदानमा च्याउको बिउ वितरण गरिनेछ ।

१०.१.१ नगरपालिका कृषि शाखाबाट साझेदारिका लागी प्रस्ताव मागको सार्वजनिक रुपमा तिस दिने सूचना प्रवाह गर्ने ।

१०.१.२प्राप्त निवेदनहरु मध्ये बाट प्राविधिक प्रतिवेदनका आधारमा ५० प्रतिशत मुल्य अनुदानमा च्याउको बीउ वितरण गरिनेछ ।

११ कृषि हाटबजार वा संकलन केन्द्र स्थापना

हाटबजार वा संकलन केन्द्र स्थापना गर्दा रु. १०००,०००।- दश लाख सम्मको पूर्वाधार विकास संवन्धी कार्यक्रम सञ्चालनको लागि नगरस्तर मै साझेदारीमा सम्पन्न गर्न प्राथमिकता दिने। यसमा स्थानीय उपभोक्ताले सेड निर्माण /बजार भवन/बजार स्थल सुधार गरिने जग्गाको व्यवस्था गर्नुको साथै कुल लागतको कम्तिमा ४० प्रतिशत खर्च व्यहोर्नु पर्ने छ। बाँकी लागतमा नगरपालीका आफैंले ब्यहोर्न सक्नेछ।

निर्णय नं १ सँग सम्बन्धित



## अनसुची १

श्री मा न् कृषि शाखा प्रमूख ज्यू,
धरान उपमहानगरपालिकाको कार्यालय,
धरान-१२, सुनसरी।

विषय:- समूह दर्ता गरी पाउ,

प्रस्तुत विषयमा कृषि पेशालाई मर्यादित तथा व्यवसायिकरण गर्न हामी वडा .... का कृषकहरु स्वःस्फूर्त गठित भई समूहमा आवद्ध भएको हुदा ........... नामक समूह ........... दर्ता गरिदिनु हुन निम्न विवरण सहित यो निवेदन पेश गरेका छौं ।

............................
समूह अगुवाको दस्तखत
मिति:-

## अनुसुची २

**समूहको विवरण:**

समूहको नाम ........................................................ स्थापना बर्ष................न.पा. ............. वडा नं. ............. टोल ...............................................................समूहको उद्देश्य ..........................................................................................

सदस्य संख्या पुरुष ................ महिला .................... जम्मा .....................

| क.सं. | पदाधिकारीहरूको नाम | पद | शैक्षिकयोग्यता | उमेर | जग्गाक्षेत्रफल | दस्तखत |
|---|---|---|---|---|---|---|
| १ | | अध्यक्ष | | | | |
| २ | | उपाध्यक्ष | | | | |
| ३ | | सचिब | | | | |
| ४ | | कोषाध्यक्ष | | | | |
| ५ | | सदस्य | | | | |
| ६ | | सदस्य | | | | |
| ७ | | सदस्य | | | | |

नियमित बैठक वस्ने दिन महिनाको .....गते

प्रति महिना समूहको हितकोष संकलन हुन सक्ने रु. .....

हाल सम्मको हितकोषमा जम्मा रकम रु. .......

## अनुसुची ३

(कृषक समूह दर्ता प्रमाण–पत्र को नमूना )
धराननगरकार्यपालिकाको कार्यालय
कृषि शाखा
धरान-१२, सुनसरी

नगरपालीकाको कार्यालयदर्ता नं.

**कृषक समूह दर्ता प्रमाण–पत्र**

समुह पद्धतिलाई सुव्यवस्थित गर्दै कृषि प्रसार कार्यलाई टेवा पुर्याउने उद्देश्यले यस नगरपालीकाको . .. . . .. वडा नं. .. मा मिति . . . . . . . . .. मा गठित श्री . . . . . . . . . . . .कृषक समूहलाई यस शाखाको अभिलेखमा दर्ता गरी यो प्रमाण–पत्र प्रदान गरिएको छ ।

मिति:– ....................................
(........................................................)
शाखा प्रमुख

# परिमार्जित खरिद गुरु योजना (सहरी पूर्वाधार विकास महाशाखा)

आ.व. २०७५।७६

मन्त्रालय/विभाग/आयोजना/कार्यालयः धरान उपमहानगरपालिका

बजेट उपशीर्षक नं.

| सि.नं. | खरिदको विवरण (मालसामान/ निर्माण कार्य / परामर्श सेवा , अन्य सेवा) | खरिद विधि (खरिद निकायको प्रकृति अनसार) | लागत अनुमान रकम (रु) | प्याकेज संख्या | सम्झौता को किसिम | बार्षिक खरिद | | | | | कैफियत (जनसहभागिता रकम) |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | पहिलो वर्ष आ.व. ०७५/७६ | दोस्रो वर्ष आ.व. ०७६/७७ | तेस्रो वर्ष आ.व. ०७७/७८ | चौथो वर्ष आ.व. ०७८/७९ | पाँचौ वर्ष आ.व. ०७९/८० | |
| १ | विजयपुर सडक निर्माण, धरान १४ | ठेक्का | ३४,१००,०००।०० | | ईकाई दर | २०,०००,०००।०० | १४,१००,०००।०० | | | | - |
| २ | देशीलाईन सडक निर्माण, धरान २ | ठेक्का | १६,४७७,२९४।०० | | ईकाई दर | ४,०००,०००।०० | १२,५००,०००।०० | | | | - |
| ३ | हंगकंग रोड सडक विस्तार तथा निर्माण, धरान ११, १७, १८ | उपभोक्ता समिति | ९,८३६,३६१।२१ | | ईकाई दर | ४,०००,०००।०० | २,८८५,४५२।४७ | | | | ३,२६०,७५३।७४ |
| ४ | कार्यालय भवन निर्माण, धरान १२ | ठेक्का | ३९,२१६,६५९।५६ | | ईकाई दर | १५,०००,०००।०० | २४,३००,०००।०० | | | | - |
| ५ | साई मार्ग सडक तथा ढल निर्माण, धरान १ | उपभोक्ता समिति | ३,०००,०००।०० | | ईकाई दर | ५००,०००।०० | १,३००,०००।०० | | | | १,२००,०००।०० |
| ६ | पथिकमार्ग सडक ढल निर्माण, धरान १ | उपभोक्ता समिति | १,४५०,०००।०० | | ईकाई दर | ५००,०००।०० | ५१५,०००।०० | | | | ४३५,०००।०० |
| ७ | महालक्ष्मीमार्ग सडक ढल निर्माण, धरान १ | उपभोक्ता समिति | १,३००,०००।०० | | ईकाई दर | ५००,०००।०० | ४१०,०००।०० | | | | ३९०,०००।०० |
| ८ | मणि सुन्दर मार्ग सडक तथा ढल निर्माण, धरान ३ | उपभोक्ता समिति | ६,१००,०००।०० | | ईकाई दर | १,०००,०००।०० | ३,२७०,०००।०० | | | | १,८३०,०००।०० |
| ९ | हाम्रो टोल (सिद्धि नेवा परिषद) सडक पिच निर्माण, धरान ७ | उपभोक्ता समिति | २,७४५,८७०।१८ | | ईकाई दर | १,०००,०००।०० | ६९५,०००।०० | | | | १,१२७,१४५।१८ |
| १० | श्रीजंगालाईन लुप निर्माण, धरान ७ | उपभोक्ता समिति | १,०७८,०१३।३० | | ईकाई दर | ५००,०००।०० | १४६,८०७।०० | | | | ४३१,२०६।३० |
| ११ | स्मृतिमार्ग ढल निर्माण, धरान ८ | उपभोक्ता समिति | ८७५,०००।०० | | ईकाई दर | २००,०००।०० | ३२५,०००।०० | | | | ३५०,०००।०० |
| १२ | गौरवमार्ग ढल निर्माण, धरान ८ | उपभोक्ता समिति | ८६५,०००।०० | | ईकाई दर | २००,०००।०० | ३१९,०००।०० | | | | ३४६,०००।०० |
| १३ | नवगृहमार्ग ढल निर्माण, धरान ८ | उपभोक्ता समिति | ६६८,०००।०० | | ईकाई दर | २००,०००।०० | २००,८००।०० | | | | २६७,२००।०० |
| १४ | गौरीटोल ढल निर्माण, धरान ८ | उपभोक्ता समिति | ६८५,०००।०० | | ईकाई दर | २००,०००।०० | २११,०००।०० | | | | २७४,०००।०० |
| १५ | पूर्णपथ गौतमपथ सडक तथा ढल निर्माण, धरान ९ | उपभोक्ता समिति | २,३९८,८४५।४४ | | ईकाई दर | ८००,०००।०० | ८७९,१८४।०० | | | | ७१९,६५१।४४ |
| १६ | नारायणपथ बाटो विस्तार, धरान १० | उपभोक्ता समिति | १०,०००,०००।०० | | ईकाई दर | १,५००,०००।०० | ५,५००,०००।०० | | | | ३,०००,०००।०० |
| १७ | भगवान चौकदेखि भवानी मार्ग जोडने ढल, धरान ११ | उपभोक्ता समिति | ३,१६५,५०४।५२ | | ईकाई दर | ८००,०००।०० | १,०९९,३०२।०० | | | | १,२६६,२०२।५२ |
| १८ | शिवधारा मार्गको अधुरो बाटो पूरा गर्ने, धरान १३ | उपभोक्ता समिति | ५,००१,२७७।३३ | | ईकाई दर | ८००,०००।०० | २,२००,७६७।०० | | | | २,०००,५१०।३३ |
| १९ | दर्शन मार्ग राई टोल ढल निर्माण, धरान १३ | उपभोक्ता समिति | १,७६२,१२२।९३ | | ईकाई दर | ८००,०००।०० | २५९,०००।०० | | | | ७०३,१२२।६६ |
| २० | हात्तिसारपथ ढल निर्माण, धरान १४ | उपभोक्ता समिति | ५,१००,०००।०० | | ईकाई दर | १,०००,०००।०० | ३,०८०,०००।०० | | | | १,०२०,०००।०० |
| २१ | हरियालीपथमा रेलिंग लगाउने, धरान १४ | उपभोक्ता समिति | ३,७१२,२९५।०० | | ईकाई दर | ५००,०००।०० | २,४६९,८३६।०० | | | | ७४२,४५९।०० |

## परिमार्जित खरिद गुरु योजना (सहरी पूर्वाधार विकास महाशाखा)

आ.व. २०७५।७६

मन्त्रालय/विभाग/आयोजना/कार्यालयः धरान उपमहानगरपालिका

बजेट उपशीर्षक नं.

| सि.नं. | खरिदको विवरण (मालसामान/ निर्माण कार्य / परामर्श सेवा , अन्य सेवा) | खरिद विधि (खरिद निकायको प्रकृति अनुसार) | लागत अनुमान रकम (रु) | प्याकेज संख्या | सम्झौता को किसिम | बार्षिक खरिद<br>पहिलो वर्ष आ.व. ०७५/७६ | दोस्रो वर्ष आ.व. ०७६/७७ | तेस्रो वर्ष आ.व. ०७७/७८ | चौथो वर्ष आ.व. ०७८/७९ | पाँचौ वर्ष आ.व. ०७९/८० | कैफियत (जनसहभागिता रकम) |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| २२ | सुसनरोड खोरिया बस्ती कालोपत्रे सडक, धरान १५ | उपभोक्ता समिति | ७,६५६,३९८।८२ | | ईकाई दर | ८००,०००।०० | ४,५५९,४७९।१७ | | | | २,२९६,९१९।६५ |
| २३ | श्रुतिमार्ग कालोपत्रे सडक, धरान १५ | उपभोक्ता समिति | ७,९२६,२७१।०० | | ईकाई दर | ८००,०००।०० | ३,१६३,१३५।५० | | | | ३,९६३,१३५।५० |
| २४ | चण्डिकामार्ग ढल निर्माण, धरान १५ | उपभोक्ता समिति | ५,८१८,५६३।१२ | | ईकाई दर | ८००,०००।०० | २,१०९,२१८।०० | | | | २,९०९,२८२।१२ |
| २५ | कन्चनलाईन ढल निर्माण, धरान १५ | उपभोक्ता समिति | ६,७९९,८४३।७६ | | ईकाई दर | ८००,०००।०० | २,२५९,९२९।०० | | | | ३,७३९,९१४।७६ |
| २६ | विद्युत प्राधिकरण मार्ग सडक तथा ढल निर्माण, धरान १६ | उपभोक्ता समिति | ६,३१६,९६८।१६ | | ईकाई दर | १,०००,०००।०० | ३,४२१,८७७।७१ | | | | १,८९५,०९०।४५ |
| २७ | सहिद यज्ञ बहादुर मार्ग (बालिका स्कुल लाईन) सडक निर्माण, धरान १६ | उपभोक्ता समिति | ८,८२८,८४१।५४ | | ईकाई दर | १,०००,०००।०० | ६,०६३,०७३।२३ | | | | १,७६५,७६८।३१ |
| २८ | हारति अजिमा मार्ग सडक ढल निर्माण, धरान १६ | उपभोक्ता समिति | ३,२६०,५८६।२५ | | ईकाई दर | ५००,०००।०० | १,४५६,३५०।०० | | | | १,३०४,२३५।२५ |
| २९ | बुद्धचौकदेखि वि.पि. गेटसम्म बाटो विस्तार एवम निर्माण, धरान १८ | उपभोक्ता समिति | ५,०००,०००।०० | | ईकाई दर | २,०००,०००।०० | २,०००,०००।०० | | | | १,०००,०००।०० |
| ३० | आर्चरी रेन्ज सहितको भवन, धरान १७ | उपभोक्ता समिति | १,१२०,०००।०० | | ईकाई दर | ५००,०००।०० | ५०८,०००।०० | | | | ११२,०००।०० |
| **क** | **मिति २०७५।१०।२८ को चौथौं नगरसभाबाट पारित आ.व. ०७५।७६ का लागि क्रमागत योजनाहरुमा नपुग रकम थप** | | | | | | | | | | |
| १ | सितलमार्ग पिच तथा ढल निर्माण, धरान १६ | | | | ईकाई दर | २,५००,०००।०० | १४०,८००।०० | | | | |
| २ | बमजनटोल पिच निर्माण, धरान ८ | | | | ईकाई दर | ३,५३८,६००।०० | २५०,०००।०० | | | | |
| ३ | नया सृजनामार्ग पिच निर्माण, धरान ८ | | | | ईकाई दर | ४,०००,०००।०० | ३४६,८५०।०० | | | | |
| ४ | नर्वदामार्ग ढल निर्माण, धरान १६ | | | | ईकाई दर | ३,०००,०००।०० | ४११,२००।०० | | | | |
| ५ | गोपालमार्ग सडक ढल निर्माण, धरान १ | | | | ईकाई दर | ८५३,५५०।०० | ५००,०००।०० | | | | |
| ६ | कोमलमार्ग पिच तथा ढल निर्माण, धरान १६ | | | | ईकाई दर | २,५००,०००।०० | ५४०,१००।०० | | | | |
| ७ | नया सडक बुढासुब्बा मन्दिरदेखि पिण्डेश्वर मन्दिर सम्म जाने बाटो निर्माण, धरान १४ | | | | ईकाई दर | ३,०००,०००।०० | ५५१,०००।०० | | | | |
| ८ | प्रभातमार्ग लुपलाइन सडक निर्माण, धरान ११ | | | | ईकाई दर | २३८,८००।०० | ४०८,८५०।०० | | | | |
| ९ | बुढासुब्बा पथ (वडा कार्यालयदेखि बुढासुब्बा मन्द्रिर जाने बाटो) सडक ढल निर्माण, धरान १४ | | | | ईकाई दर | ३,०३६,२५५।०० | ७२२,१९५।०० | | | | |

## परिमार्जित खरिद गुरु योजना (सहरी पूर्वाधार विकास महाशाखा)

आ.व. २०७५।७६

मन्त्रालय/विभाग/आयोजना/कार्यालयः धरान उपमहानगरपालिका

बजेट उपशीर्षक नं.

| सि.नं. | खरिदको विवरण (मालसामान/ निर्माण कार्य / परामर्श सेवा , अन्य सेवा) | खरिद विधि (खरिद निकायको प्रकृति अनुसार) | लागत अनुमान रकम (रु) | प्याकेज संख्या | सम्झौता को किसिम | बार्षिक खरिद | | | | | कैफियत (जनसहभागित रकम) |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | पहिलो वर्ष आ.व. ०७५/७६ | दोस्रो वर्ष आ.व. ०७६/७७ | तेस्रो वर्ष आ.व. ०७७/७८ | चौथो वर्ष आ.व. ०७८/७९ | पाँचौ वर्ष आ.व. ०७९/८० | |
| १० | महेन्द्रपथमा वृक्षारोपण, फुटपाथ तथा रेलिंग निर्माण र मर्मत, धरान १२ | | | | ईकाई दर | ५,०००,०००।०० | ९००,०००।०० | | | | |
| ११ | जमुनाटोल ढल निर्माण, धरान ८ | | | | ईकाई दर | ८६७,२५०।०० | १,०००,०००।०० | | | | |
| १२ | जनपथ सडक ढल विस्तार, धरान १६ | | | | ईकाई दर | ४,०००,०००।०० | १,०००,०००।०० | | | | |
| १३ | धनकुटेपुल वरीपरी कटअफ वाल तथा फुटपाथ, धरान ८। १९ | | | | ईकाई दर | १,४२८,२००।०० | १,५९७,०००।०० | | | | |
| १४ | हंशमार्ग पिच निर्माण (अधुरो भाग समेत), धरान १६ | | | | ईकाई दर | ४,०००,०००।०० | १,७०९,४५०।०० | | | | |
| १५ | मंगलवारेदेखि सर्दुखोलासम्म जोडने सडक निर्माण, धरान ११ | | | | ईकाई दर | - | ४,०६८,८५०।०० | | | | |
| ख | मिति २०७५।१०।२८ को चौथौं नगरसभाबाट पारित आ.व. ०७५।७६ का लागि स्वीकृत थप योजनाहरु | | | | | | | | | | |
| १६ | प्रतिक्षामार्ग पिच निर्माण, धरान १६ ( वडास्तरीयबाट नगरस्तरीयमा परिवर्तन गरिएको) | | ७,४४७,४१५।४६ | | ईकाई दर | १,०००,०००।०० | ३,४००,०००।०० | | | | ३,४४७,४१५।४६ |
| १७ | छतिवनचौक दक्षिण सुधार केन्द्र जानेबाटो ढल निर्माण, धरान ६ | | ७,९३१,२९९।८८ | | ईकाई दर | - | ६,३००,०००।०० | | | | १,६३१,२९९।८८ |
| | कुल जम्मा | | २१७,६४३,४३१।४६ | | | १०१,१६२,६५५।०० | १२६,०५३,५०६।०९ | | | | ४३,४२८,३१२।५४ |

द्रष्टव्य : यो फाराम सार्वजनिक खरिद अनुगमन कार्यालयबाट परिमार्जन/संशोधन भएमा सोही बमोजिम परिवर्तन हुनेछ ।

| तयार गर्ने अधिकृतः | रुजु गर्ने अधिकृतः | कार्यालय प्रमुखः | विभागीय प्रमुख/मन्त्रालयको सचिव |
|---|---|---|---|
| दस्तखत : | दस्तखत : | दस्तखत : | दस्तखत : |
| पदः | पदः | पदः | पदः |
| मितिः | मितिः | मितिः | मितिः |